# शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने कार्यविधि,२०७५ (संसोधित)

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

मा. मन्त्री

सचिव

# शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने कार्यविधि, २०७५ (संसोधित)

प्रस्तावनाः मन्त्रालयको कार्यक्षेत्र संग सम्वन्धित विषयवस्तुहरुमा अध्ययन अनुसन्धान गरी दिगो उपयोगको लागि रणनीति तयार गरी दिगो विकासको आधार तयार गर्न स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्नको लागि मन्त्रालयले यो कार्यविधि संसोधन गरी लागू गरेको छ ।

## परिच्छेदः१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने कार्यविधि"२०७५ (संसोधित) रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "शोधपत्र" भन्नाले कुनै विश्वविद्यालय वा अन्तर्गतका कलेजहरुको विद्यार्थीद्धारा गरिने थेसिस जुन स्नातक वा स्नातकोत्तर अध्ययनको आंशिक भाग पुरा गर्नको लागि गरिने अध्ययन सम्झनु पर्दछ ।

(ख) "शोधपत्र अनुसन्धान सहयोग" भन्नाले स्वीकृत शीर्षक बमोजिमको शोधपत्र तयार गर्न अनुसन्धान सहयोग वापत तोकिएको रकम सम्झनु पर्दछ ।

(ग) "विश्वविद्यालय" भन्नाले मन्त्रालयको निर्णयबाट अध्ययन सुविधा दिइने विषयहरुमा अध्ययन अध्यापन गराउने विश्वविद्यालयहरु वा सो को अंगिक वा सम्वन्धन प्राप्त कलेज वा नेपाल खुल्ला विश्व विधालय सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "शोधपत्र कर्ता" भन्नाले कर्णाली प्रदेशमा दफा २ मा तोकिए बमोजिमको विषयबस्तुमा शोधपत्र तयार गर्ने विद्यार्थी सम्झनु पर्दछ ।

## परिच्छेदः २

## शोधपत्र सम्बन्धी व्यवस्था

३. शोधपत्र तयार गर्दा समेटनु पर्ने बिषयवस्तुः उद्योग, पर्यटन, वन, जैविक विविधता, जलवायु परिवर्तन, विज्ञान प्रविधि, भू तथा जलाधार व्यवस्थापन, सिमसार,वातावरण, खनिज पदार्थ, वाणिज्य तथा आपूर्ति शोधपत्रका क्षेत्र हुनेछन् ।शोधपत्र तयारगर्दा निम्न विषय बस्तुमा रहेर शोधपत्र तयार गर्नु पर्नेछ। यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्रथम दर्जाको तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

(क) प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धीः

- विभिन्न प्रकारका वन व्यवस्थापन प्रणाली अनुसार चुरे पहाड, महाभारत, हिमाली क्षेत्रमा हुन सक्ने औसत बार्षिक बृद्धिदर(MAI),
- कर्णाली प्रदेशमा वन स्रोत पहिचान तथा व्यवस्थानको लागि कार्यमुलक अनुसन्धान,
- प्राकृतिक स्रोत र समुदाय वीच अन्तर सम्बन्ध, जडिबुटी तथा गैह्रकाष्ठ प्रजातिको प्रयोग सम्वन्धी परम्परागत ज्ञान र निर्भरतावारे खोज तथा अभिलेखिकरण,
- कर्णाली प्रदेश विकासमा नदी, तालतलैयाको पहिचान तथा स्रोत व्यवस्थापन,
- परम्परागत भिरालो खेती र खनजोत कम गर्नु पर्ने बहुवर्षीय खेती प्रणालीबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष),
- NTFP/MAPsहरुको आर्थिक मूल्य वृद्धि सम्भाव्यता परिक्षण र प्रविधि विकास,
- बाँस उत्पादन, मूल्य अभिवृद्धि र बजारीकरण,
- वनजन्य पदार्थमा आधारित उद्योग सम्भाव्यता अध्ययन,
- संरक्षित प्रणाली वाहिर रहेका वन्यजन्तुको अवस्था र संरक्षणका उपाय,
- मिचाहा वनस्पति प्रजातिको उपस्थिति, फैलावट, असर र नियन्त्रणका विधि,
- संरक्षणकार्यबाट प्रभाव पर्ने वातावरणीय सेवासम्बन्धी आर्थिक मूल्याङ्कन,
- उपल्लो तटिय र तल्लो तटिय बिचको अन्तरसम्बन्ध सुदृढिकरण सयन्त्र(mechanism) र यसका फाईदा,
- चुरे क्षेत्रमा हुने गरेको भूक्षय, भूक्षय सयन्त्र(mechanism) तथा भू-संरक्षणका विभिन्न प्रविधि विकास,
- कृषि वन प्रणाली सम्बन्धी अध्ययन,
- जैविक विविधता संरक्षण सम्बन्धी अध्ययन,
- चुरेक्षेत्रका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुको सुशासनको अवस्था सम्बन्धीअध्ययन,
- प्राकृतिक स्रोत ब्यवस्थापनमा प्रकोप पिडित तथा वसाई सराई को प्रभाव,
- द्वन्द र प्राकृतिक स्रोत ब्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्ध,
- प्राकतिक स्रोत ब्यवस्थापनमा संघीय, प्रदेश र स्थानिय सरकारको भूमिका ।

(ख) <u>पर्यटन/पर्यापर्यटन सम्बन्धीः</u>

- पर्यापर्यटन,
- पर्यटन विकास र प्रवर्द्धनलागि अध्ययन अनुसन्धान,
- पर्यापर्यटन सामाजिक, सास्कृतिक विकास, जीविकोपार्जन,
- पर्यापर्यटनको सम्भावन र चुनौती,
- पर्यटनको आर्थिक, सामाजिक, सास्कृतिक र वातावरणीय प्रभाव,
- आन्तरिक पर्यटनमा स्थानिय तहको भूमिका,
- विश्व पर्यटनमाकर्णाली ।

(ग) <u>जलवायु परिवर्तन र वातावरण सम्बन्धीः</u>

- पारस्थितिकिय तथा मानव समुदायमा जलवायू परिवर्तनका असर,अनुकुलन , समानुकुलन,
- जलवायू परिवर्तन तथा कार्वन मापन सम्बन्धी अध्ययन,
- विकास योजनामा जलवायू परिवर्तन अनुकुलन मूल प्रवाहीकरण,
- एकिकृत जलवायू परिवर्तन अनुकुलन,
- प्रकोप जोखिम न्यूनिकरण तथा जलाधार व्यवस्थापन विधि,
- LAPA, PAPAतथा NAPA योजनाको आवश्यकता अध्ययन अनुसन्धान ।

(घ) <u>भू तथा जलाधार सम्बन्धीः</u>

- जलाधारिय क्षेत्र पहिचान तथा व्यवस्थापन अध्ययन अनुसन्धान,
- पहिरो नक्साङ्कन, वर्गीकरण र नियन्त्रण प्राथमिकिकरण र प्रविधि,
- पहिरो जोखिम क्षेत्र पहिचान तथा व्यवस्थापन विधि अध्ययन,
- भू-उपयोग र भू-क्षयसम्बन्धी अध्ययन,
- परम्परागत तथा नया कम खर्चिलो भूसंरक्षण विधि प्रयोग अध्ययन अनुसन्धान,
- नदी तटीय क्षेत्र विस्तार तथा वाढीको जोखिम व्यवस्थापन,
- हिम नदी तथा हिमताल, ताल तलैया संरक्षण तथा व्यवस्थापन,
- संरक्षित जलाधार आवश्यकता अध्ययन,
- कर्णाली प्रदेशमा भू-क्षय जोखिम तथा प्रकार पहिचान,
- एकिकृत जलाधार नीती को आवश्यकता तथा क्षेत्र वर्गीकरण आदि
- वायोईन्जिनियरिङ्ग ईन्जिनियरिङ्ग आवश्यकता कर्णाली भूगोलमा,
- उपल्लो तटिय र तल्लो तटिय विचको अन्तरसम्बन्ध सुदृढिकरण mechanism र यसका फाईदा,
- भू-उपयोग र भू-क्षयसम्बन्धी अध्ययन ।

(ङ) <u>उद्योग विकास तथा व्यवस्थापन सम्बन्धीः</u>

- विभिन्न उधोगको पहिचान तथा अध्ययन (वन, पर्यटन, प्राकृतिक,साँस्कृतिक, शैक्षिक) आदी क्षेत्रमा आधारित उद्योगको पहिचान तथा व्यवस्थापन,
- निजि क्षेत्रको परिचालन तथा जीविकोपार्जन,
- प्रदेश तथा स्थानीय सरकार वीच उधोग विकास तथा प्रवर्दनमा समन्वय, सम्बन्ध विस्तार आवश्यकता,
- स्थानीय स्रोतमा आधारित उधोग विकास तथा जीविकोपार्जन अध्ययन अनुसंन्धान,
- खानीजन्य पदार्थहरुको उपलब्धता ।

परिच्छेदः ३

## आवेदन तथा मुल्यांकन सम्बन्धी ब्यवस्था

४. आवेदनको सुचनाः मन्त्रालयले स्वीकृत बजेटको आधारमा शोधपत्र अनुसन्धान सहयोग (Research Grant) को लागि मन्त्रालयको वेवसाइटमा वा कुनै राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशित गर्नेछ ।

५. आवेदक (शोधपत्रकर्ता) को योग्यताःयस कार्यविधि बमोजिम आवेदन गर्दा निम्न बमोजिमको योग्यता र प्रकृया पुगेको हुनुपर्नेछः

(१) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी अनुसुचि १ मा उल्लेख गरिए वमोजिमका मान्यता प्राप्त शैक्षिक संस्थामा बार्षिक प्रणाली भए स्नातकोत्तर वा स्नातक तहमा अध्ययनरत हुनु पर्नेछ ।

(२) शोधपत्रसम्बन्धी अध्ययन तथा अनुसन्धान क्षेत्र कर्णाली प्रदेश हुनु पर्नेछ ।

(३) शोधपत्रकर्ता कर्णाली प्रदेशको स्थानिय वासिन्दा वा यस प्रदेशमा कार्यरत कर्मचारी वा निजको छोरा छोरी भएमा प्राथमिकता दिईनेछ ।

(४) परिच्छेद २ मा उल्लेखित विषय बस्तुमा रहेर शोधपत्र तयार गर्नु पर्नेछ ।

६. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुःआवेदन गर्दा आवेदन साथ निम्न काजजातहरु पेश गर्नु पर्नेछ।

(१) अध्ययनरत क्याम्पस तथा विभागहरुको शोधपत्रको शीर्षक र अध्ययन क्षेत्र सहितको सिफारिस पत्र ।

(२) व्यक्तिगत विवरण ।

(३) दफा ५ को उपदफा (३) वमोजिम प्रमाणीत हुने कागजात ।

(४) आवेदनकर्तालै अनुसुची—२ मा तोकिएको आवेदन फाराम भरी सुचनामा उल्लेख भए अनुसारको ढाँचामा अनुसन्धान प्रस्ताव पेश गर्नु पर्नेछ । अनुसन्धान प्रस्तावको ढांचा अनुसुची—३ मा उल्लेख भए वमोजिम हुनेछ ।

७. मुल्याङ्कन तथा स्वीकृति समितिः(१)शोधपत्र प्रस्ताव मूल्याङ्कन तथा स्वीकृतीको लागि निम्नानुसार शोधपत्र मुल्याङ्कन तथा स्वीकृती समिति गठन गर्न सकिनेछ ।

(क) महाशाखा प्रमुख, विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा, मन्त्रालयः संयोजक

(ख) महाशाखा प्रमुख, प्रशासन योजना तथा अनुगमन महाशाखा, मन्त्रालयः सदस्य

(ग)शाखा प्रमुख, जलवायू परिवर्तन तथा जलवायू वित्त शाखाः सदस्य-सचिव

मुल्याङ्कनको समयमा समितिले आवश्यकताका आधारमा बढिमा २ जना विषयगत विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(२)समितिले अनुसूचि ४ मा उल्लेखित आधारहरुमा उपयूक्त प्रस्ताव छनौट गरी स्वीकृत गरी दफा ८ वमोजिमको सम्झौता गर्न सक्नेछ ।



सचिव मा. मन्त्री

## परिच्छेदः ४

## शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने ब्यवस्था

८. **शोधपत्रको सम्झौता सम्बन्धी ब्यवस्था:**शोधपत्रको अनुसन्धान सहयोगको लागि छनौट भएका शोधपत्रकर्ता र यस मन्त्रालय वीच अनुसूचि ५ मा उल्लेखित ढाँचाबमोजिम एक सम्झौता गर्नु पर्नेछ।

९. **शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी ब्यवस्था:**शोधपत्र अनुसन्धान सहयोग वापत स्वीकृत वजेटको आधारमा रकम उपलब्ध गराईनेछ ।

१०. **शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानी तरिका:**समितिको नियमानुसार A/C Payee Check मार्फत सम्बन्धित शोधपत्रकर्तालाई बढीमा दुई किस्तामा उपलब्ध गराईनेछ।प्रथम किस्ता बापत कुल स्वीकृत रकमको ३० प्रतिशत मनोनयन पश्चात तुरुन्तै पेश्की स्वरुप उपलब्ध गराईनेछ ।

११. **शोधपत्र अनुसन्धान सहयोग उपलब्ध नगराउने अवस्था:**(१) विश्वविद्यालय/ शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको भन्ने जानकारी गराएमा ।

(२)शोधपत्रकर्ता स्वयंले पहिलो किस्ता लिई शोधपत्रको कार्य वीचैमा छाडेमा ।

यसरी शोधपत्रको कार्य विचमै छाडेमा पहिलो किस्ताको रकम फिर्ता गर्नु पर्नेछ र शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी सम्झौता स्वत समाप्त हुनेछ ।

(३) गुणस्तरिय शोधपत्र तयार गर्न नसकेका कारण शोधपत्र विश्वविद्यालय/शैक्षिक संस्थाबाट अस्वीकृत भएमा ।

## परिच्छेदः ५

## विविध

१२. **कारवाही गरिने :**अनुसन्धानको लागि प्राप्त रकम सदुपयोग नभएमा वा दफा ११ विरुद्धको कार्य गरेमा त्यस्ता व्यक्ति/संस्थालाई भविष्यमा मन्त्रालय अन्तर्गत प्रदान गरिने त्यस्ता सुविधाहरु उपलब्ध गराईनेछैन ।साथै प्रचलित कानून वमोजिम आवश्यक कारवाही समेत गरिनेछ ।

१३. **कार्यविधिमा अस्पष्टता आएमा:**यस कार्यविधि कार्यान्वयनमा अस्पष्टता आएमा मन्त्रालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१४. **संसोधन, थपघट वा खारेजी:**मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिलाई संसोधन, थपघट वा खारेजी गर्न सक्नेछ ।

## अनुसूचि १

(दफा ५(१) सँग सम्बन्धित)

<u>शोधपत्रका लागि तोकिएका विश्वविद्यालयहरु:</u>

१ त्रिभुवन विश्वविद्यालय वा सो सँग सम्बन्धन प्राप्त कलेजहरु

२ कृषि तथा वन विश्वविद्यालय वा सो सँग सम्वन्धन प्राप्त कलेजहरु

३ काठमाडौं विश्वविद्यालय वा सो संग सम्धन्धन प्राप्त कलेजहरु

४ पोखरा विश्वविद्यालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु

५ पूर्वाञ्चल विश्वविद्यालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु

६ मध्य पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु

७ सुदुर पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु

८ राजर्षी जनक विश्वविद्यालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु

९ नेपाल खुल्ला विश्वविधालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु

१० लुम्विनी वौद्ध विश्वविधालय वा सो संग सम्वन्धन प्राप्त कलेजहरु



सचिव मा.मन्त्री

अनुसूचि २

(दफा ६(४) सँग सम्बन्धित)

**आवेदन फारमः**

१ आवेदन गरेको शैक्षिक कार्यक्रम.........................................................

२ शोत्रपत्र कर्ताको नामः (देवनागरिक लिपिमा) .........................................................

३ शोधत्रपत्र कर्ताको नामः (अंग्रेजिमा) .........................................................

४ जन्म मितिः.........................................................

५ लिङ्गः पूरुषः महिलाः

६ बाबुको नामः.............................................. आमाको नाम..............................

७ सम्पर्क टेलिफोन नः.................... मोबाईल नं........................... इमेलः.....................

८ स्थाई ठेगानाः..................................

९ शोधपत्र अनुसन्धानको शिर्षकः.....................................

१० अध्ययनरत क्याम्पस/विभागको नामः.........................................

११ शैक्षिक योग्यता (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उतिर्ण गरेको वर्ष | प्रासाङ्क प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**शोधपत्र सुपरिवेक्षकको:**

नाम, थरः

पदः

**शोधपत्र कर्ताको**

दस्तखत

नाम थर

स्थाई ठेगानाः

नागरिकता नः

जारि गर्ने जिल्लाः

जारि मितिः



मा. मन्त्री

अनुसूचि ३

(दफा ६(४) सँग सम्बन्धित)

**शोधपत्र प्रस्तावको ढाँचा:**

शोधपत्र प्रस्तावको ढाँचा देहाय बमोजिम हुनुपर्नेछ:

(क) सामान्य विवरण:

(१) शिर्षक

(२) पृष्ठभूमि र औचित्यता:

(३) उद्देश्य:

(४) सैद्धान्तिक ढाँचा:

(५) अनुसन्धान विधि:

(६) अपेक्षीत उपलब्धि:

(ख) कार्य योजना:

(ग) बजेट/खर्च विवरण:



सचिव

मा. मन्त्री

अनुसूचि ४

(दफा ७(२) सँग सम्बन्धित)

## शोधपत्र प्रस्ताव मुल्याङ्कनको आधार

शोधपत्र प्रस्तावको ढाँचा देहाय वमोजिम हुनुपर्नेछः

| सि नं | मुल्याङ्कनका आधार | अंकभार | अंकभारको थप वर्गिकरण |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता (स्नातक तह वा +२ तह) | १५ | प्रथम श्रेणी-१५ |
| | | | द्बितिय श्रेणी- १० |
| | | | तृतिय श्रेणी-८ |
| २ | अनुसन्धानको विषयवस्तु | १५ | जडिवुटि, पर्यटन र वन्यजन्तु सम्वन्धी-१५ |
| | | | तोकिए वमोजिमको अन्य-१० |
| ३ | शोधकर्ताको अनुसन्धानमा अनुभव | १० | स्वदेश तथा विदेशमा अनुसनधान गरेको- १० |
| | | | पुर्णरुपमा नयाँ शोधकर्ता-५ |
| ४ | मन्त्रालयले अधिकतम प्रदान गर्ने रकमको परिधिभित्र रहि अनुसन्धान सम्पन्न हुन सक्ने सम्भावना, | १५ | अधिकतम प्रदान गर्ने रकमको परिधिभित्र रहि अनुसन्धान सम्पन्न हुन सक्ने- १५ |
| | | | अधिकतम प्रदान गर्ने रकमको परिधिभित्र रहि अनुसन्धान सम्पन्न हुन नसक्ने तर अन्य निकाय संगको सहकार्यमा वजेटको व्यवस्था गरेको- १० |
| | | | अन्य अवस्था – ० |
| ५ | अध्ययनको भौगोलिक क्षेत्र | १५ | हुम्ला डोल्पा मुगु जुम्ला जाजरकोट कालीकोट – १५ |
| | | | सल्यान दैलेख रुकुम पश्चिम- १० |
| | | | सुर्खेत- ५ |
| ६ | शोध पत्र प्रस्ताव | १० | औचित्यतार उद्देश्य र अपेक्षीत उपलव्धि -५ |
| | | | सैदान्तिक ढाँचा र अनुसन्धान विधि -५ |
| ७ | दलित, महिला तथा जनजाती | ५ | |
| ८ | शोधपत्रकर्ता कर्णाली प्रदेशको स्थानिय वासिन्दा वा यस प्रदेशमा कार्यरत कर्मचारी वा निजको छोरा छोरी भएमा | १० | |



मा. मन्त्री

अनुसूचि ५

(दफा ८ सँग सम्बन्धित)

## सम्झौता पत्रको नमुना

मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ........................................................ (यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

१ दोस्रो पक्षले ........................................................ शीर्षकमा शोधपत्र तयार गर्नु पर्नेछ ।

२ मिति................................. भित्र शोधपत्र तयार गरी एक (Soft Copy र Hard Copy) प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ । उक्त अवधि भित्र शोधपत्र तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको सिफारिस साथ शोधपत्र तयार हुन नसक्नुको कारण सहित दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले म्याद थप गर्न सक्नेछ । थपिएको अवधि भित्र पनि दोस्रो पक्षले शोधपत्र तयार गर्न नसकेमा यो सम्भौता स्वतः बदर भएको मानिनेछ ।

३ प्रथम पक्षले शोधपत्र कार्यको लागि यो सम्झौता भएपछि पेश्की स्वरुप शोधपत्र अनुसन्धान सहयोगको ३० प्रतिशत रकम पाउने छ, र शोधपत्रको कार्य सकिए पछिशोधपत्र उपयूक्त देखिएमा बांकी रकम एकमुष्ट पाईने छ । दोस्रो पक्षले तोकिएको अवधि भित्र शोधपत्र पेश गर्न नसकेमा पेश्की बापत लिएको रकम पहिलो पक्षलाई फिर्ता गर्नुपर्ने छ । रकम फिर्ता नगरेमा प्रचलित कानून अनुसार असुलउपर गरिने छ ।

४ शोधपत्र तयार गर्दा स्थलगत रुपमा प्रथम दर्जाको तथ्यांक(Primary data) संकलन गरी आधिकारीक विवरण र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ । सन्दर्भ सामग्रीको रुपमा दोस्रो दर्जाको तथ्यांक (Secondary data) प्रयोग गर्न सकिने छ । शोधपत्रको तथ्यांक र विवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।

५ पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको अनुसन्धान सहयोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन ।

६ शोधपत्र तयार गर्दा हुने सम्पुर्ण कार्यको जवाफदेहीता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ ।

| सम्झौताको दोस्रो पक्ष | सम्झौताको प्रथम पक्ष |
|---|---|
| नामः | नामः |
| स्थायी ठेगानाः | पदः |
| सम्पर्क नम्बरः | दस्तखतः |
| नागरिकता नं. | मितिः |
| जारीगर्ने कार्यालयः | कार्यालयको छापः |
| जारी मितिः | साक्षीः- |
| दस्तखतः | १. |
| मितिः | २. |

**साक्षीः**

१.

**साक्षीः**

१.